Vol. 9, No. 1, 2023 (May) 85–88
**The Journal of Knowledge and Innovation**

**Journal homepage**: https://www.nepjol.info/index.php/JKI
**Publisher**: Research Management Cell , Mahendra Morang A. M. Campus (Tribhuvan University) Biratnagar

# मसान नाटकमा नारीवाद

**ठाकुरप्रसाद पोख्रेल**
नेपाली विभाग, मेची बहुमुखी क्याम्पस, भद्रपुर, झापा
Email: tpokhrel6@gmail.com

## सारलेख

प्रस्तुत लेखमा गोपालप्रसाद रिमालको मसान नाटकमा नारीवादी चेतनाको प्रभाव कसरी र के कस्तो अवस्थामा परेको छ ? भन्ने जिज्ञासा उठाई त्यसलाई नारीवादी सिद्धान्तका स्थापित मान्यताका आधारमा विश्लेषण गरिएको छ । पुरुषभित्र विकसित नारीलाई भोगविलासको साधन ठान्ने प्रवृत्तिको चित्रण रहेको छ । नाटकमा कृष्णले युवतीको मातृत्व नाश गरेबाट नारीप्रतिको अत्याचार विकसित भएको छ । युवती, दुलही, वाग्मती र भोटुकी आमाले आ-आफ्ना पतिको बेवास्ता र कामाशक्त प्रवृत्तिका कारण मानसिक प्रताडना सहेका छन् । यहाँ युवती र दुलहीले पतिको व्यवहारप्रति आक्रोश व्यक्त गरेको देखिन्छ । आफ्नो मातृत्व हत्या भएको बुझेर युवतीले पति गृह त्यागेबाट नारीहरूमा विद्रोहको चेतना जाग्न लागेको पाइन्छ । मसान नाटकमा नारीचेतना शीर्षकभित्र विषयपरिचय, अध्ययनको विधि, नारीवादी सिद्धान्त, मसान नाटकको विश्लेषणजस्ता उपशीर्षकका आधारमा नाटकको विश्लेषण गरी नारीहरूमा विद्रोहको चेतना सशक्त बन्दैगएको निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी:**
अस्तित्व, उकुसमुकुस, दमन, प्रताडना, सन्तानेच्छा ।

**Article information**
Manuscript received: March 26, 2023; Accepted: April 15, 2023
DOI https://doi.org/10.3126/jki.v9i1.53635
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## १. विषयपरिचय

गोपालप्रसाद रिमाल (१९७५-२०३०) नेपाली नाट्य इतिहासमा सामाजिक यथार्थवादी नाटककारका रूपमा परिचित छन् । यिनका मसान (२००३), माया (२०१०) र यो प्रेम (२०१५) नाटकहरू प्रकाशित भएका छन् । रिमालका तिनवटै नाटकभित्र नारीहरूले समाजमा भोग्दै आएका पीडा, वेदनाको यथार्थ रूप प्रस्तुत भएको पाइन्छ । २०७७ सालमा चन्द्र शमशेरद्वारा सतीप्रथाको अन्त्य गरिएको पच्चिस वर्षपछि सिर्जित मसान नाटक नारीप्रति भएका अन्याय, अत्याचारमा केन्द्रित छ । पुरुषहरू नारीलाई भोग्याका रूपमा हेर्ने र विलासिताको साधन ठान्ने गर्दछन् । नारीलाई निजी स्वार्थ पूर्ति गर्ने सामान वा वस्तुका रूपा हेरिदै आएको छ । उनीहरू घरमा पतिबाटै अन्याको सिकार हुँदै आएको घटनालाई रिमालका नाटकहरूमा प्रस्तुत गरिएको छ । आफ्नो चाहना र सन्तुष्टिमा रमाउनेभन्दा पनि पुरुषहरूको इच्छानुसार व्यवहार गर्नुपर्ने नारीहरूको बाध्यतालाई रिमालले नाटकमा प्रस्तुत गरेका छन् । यो लेखभित्र मसान नाटकका नारीहरू पुरुषको अन्याय, अत्याचारमा पर्दै आएको प्रसङ्गलाई नारीवादी सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ ।

## २. अध्ययनको विधि

मसान नाटकमा नारीवाद शीर्षकको लेख पुस्तकालय विधिद्वारा तयार गरिएको छ । यसमा प्राथमिक र द्वितीयक गरी दुई किसिमका सामग्रीहरू प्रयोग भएका छन् । प्राथमिक सामग्रीका रूपमा मसान नाटक रहेको छ भने द्वितीयक सामग्रीका रूपमा नाटकसम्बन्धी विभिन्न समालोचनात्मक विचार, चिन्तनयुक्त पुस्तक, पत्रिकाहरूको प्रयोग गरिएको छ । यसै गरी नारीवादी आन्दोलनले अघि सारेका सैद्धान्तिक सामग्रीहरू सन्दर्भका रूपमा प्रयोग भएका छन् । यिनै प्राथमिक र द्वितीयक सामग्रीका आधारमा नाटकको निगमनात्मक विधिद्वारा विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## ३. नारीवादी सिद्धान्त

नारीवाद नारीहरूको सामाजिक, आर्थिक, नैसर्गिक अधिकार एवम् स्वतन्त्रता र समानताका लागि चलाइएको आन्दोलन हो । यसले नारीहरू सदियौँदेखि पुरुषहरूद्वारा यौन र हिंसाजन्य शोषण एवम् दमनबाट पीडित भएको ठानी त्यसका विरुद्धमा लाग्न नारीहरूलाई प्रेरणा प्रदान गर्दछ (पौड्याल, २०७०, पृ.१०४) । समाजमा नारीहरूलाई दोस्रो दर्जाको

नागरिकमा गणना गर्ने पुरुषहरूको विभेद्पूर्ण मान्यताका विरुद्धमा लाग्न नारी जातिको ऐक्यबद्धताबाट पुरुष विरोधी स्वरहरू झङ्कृत भए । नारी स्वतन्त्रताका सम्बन्धमा सन् १७७६को अमेरिकी राज्यक्रान्ति र सन् १७८९कै फ्रान्सेली राज्यक्रान्तिबाट आवाज गुञ्जिन लागेको हो । फ्रान्सेली क्रान्तिले समानता, स्वतन्त्रता र भ्रातृत्व स्थापनाका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । यसले पुरुषका सम्बन्धमा मात्र नभई नारी मुक्तिका लागि पनि त्यतिकै योगदान पुर्‍याएको छ । केही नारीहरूले सन् १७९३ मा नारीमुक्तिका लागि आन्दोलन गर्दै देह त्याग गरे । यसको प्रभाव बेलायतमा परेपछि विस्तारै नारी विचार कलमका माध्यमद्वारा अभिव्यक्त हुन थाल्यो । म्यारी बोल्स्टोनक्राफ्यारी, बोल्स्टोनक्राफ्टको मिन्डिकेसन अफ द राइटस अफ वोमेन (१७९२) नामक पुस्तक नै नारीवादका सम्बन्धमा प्रकाशित प्राचीन कृति मानिन्छ । त्यसपछि विस्तारै नारीवादका सम्बन्धमा विभिन्न पुस्तकहरू बाहिर देखापरे ।सारा ग्रिम्को-लेटर्स अन इक्वेलिटी (१८३८) मा नारीका सम्बन्धमा गहन चिन्तन प्रस्तुत भएको पाइन्छ । ह्यारिट टेलर र जे.एस. मिलेका दि सब्जेक्सन अफ वोमेन (१८६९) सार्लोट पर्किन जिलम्यान-आवर एन्ड्रोसेन्ट्रिक कल्चर (१९११) आदि पुस्तकहरू नारीकै सम्बन्धमा केन्द्रित छन् (गौतम, २०५८, पृ.३६४) । प्रथम विश्वयुद्ध पछि भर्जिनिया उल्फको ए रुम अफ हर वन (१९२९) पुस्तकले पुरुषसरह नारीले अधिकार प्राप्त गर्नुपर्छ भन्ने धारणा व्यक्त गर्‍यो । पुस्तकालयहरूमा नारीलाई प्रवेश गर्न नदिएका सम्बन्धमा स्वतन्त्रतालाई कुण्ठित पार्न मिल्दैन यदि त्यसो गरिए पुस्तकालय नै बन्द गर्न सकिने विद्रोही विचार त्यहाँ व्यक्त भएको पाइन्छ (अधिकारी, २०६१, पृ.५८) ।

द्वितीय विश्वयुद्ध ( १९३९-४५) पश्चात् सिमोन द बुआको द सेकेन्ड सेक्स (१९४९) मा लिङ्गगत आधारमा नारीप्रति गरिने अपमानपूर्ण व्यवहारको भयावह अवस्थाको चित्रण गरिएको छ । यस पुस्तकले नारीवादी आन्दोलनलाई गतिशीलता दिनमा विशिष्ट भूमिका खेलेको मानिन्छ । परुषशासित समाजमा नारीहरूको अवस्थालाई दयनीय ठानी होच्याउने, दवाउने गरिंदा अन्यायमा परेका छन् । नरी अस्तित्वका लागि नारीमा पाश्चात्य जगत्मा लैङ्गिक विभेदका नवीन द्वन्द्वहरू गतिशील हुन लागे । सन् १९६० को दशकमा नारी स्वतन्त्रताका निम्ति भएका विश्वव्यापी आन्दोलनले नारीवादलाई नवीन आधार प्रदान गर्‍यो । नारीवादीहरू साहित्यको नवमूल्याङ्कनको आह्वान गर्दै पुरुषका यौन रूढिलाई पर्दाफास गरी नारीवादी व्याख्या एवम् नारीलेखिकाका चिन्तनलाई पुनर्निमाण गर्नुपर्ने कुरामा महत्त्व दिन थालियो (एटम, २०६१, पृ.१५६) । केट मिलेटको सेक्सुअल पलिटिक्स (१९१७)ले नारीवादी साहित्यमा राजनीतिपरक मान्यता दिएको देखिन्छ । यिनले नारीप्रति भएको पुरुष अत्याचारलाई उदाङ्गो बनाएकी छन् । सामाजिक सुधारमा भन्दा क्रान्तिमा विश्वास गरेको पाइन्छ । मिलेले पितृसत्तामा नारीहरू पीडित, शोषित हुने कुरालाई औल्याएर उनीहरू अवला भएरै जन्मिएका हुन् भन्ने कुराको विरोध गर्दै नारीका पक्षमा विद्रोही विचार व्यक्त गरेकी छन् (गौतम, २०५८, पृ.३६५) । त्यसै गरी एलेन सोल्वाटरद्वारा सम्पादित द न्यु फेमिनिस्ट क्रिटिसिजम (१९८६) मा समालोचना कुनै जाति, वर्ग या संस्कृतिमा आधारित नभइ विविधतामा केद्रित हुने भएकाले नारीवाद बहुलवादमा आधारित हुन्छ भनिएको छ । उनका समयमा नारी साहित्य परम्पराको स्थापनामा जोड दिंदै नारीहरूका सम्बन्धमा भएका कार्यहरूको खोजी गरियो ( अधिकारी, २०५८, पृ.६०) । यसरी स्थापित नारीवादी चेतानाको प्रवाहले विश्वव्यापी रूप प्राप्त गर्‍यो ।

नेपाली साहित्यमा पनि नारीहरुले भोगेका अन्याय, अत्याचारको चित्रण भएको छ । समाजमा विद्यमान अन्ध विश्वास, रूढिग्रस्त विचार रहेका कारण नारीहरू अन्धकारयुक्त अवस्थामा पीडा भोग्दैआएका छन् । पुरुषबाट नारीहरूप्रति हुने गरेका अत्याचारको विद्रोह गोपालप्रसाद रिमालको मसान (२००२) नाटकमा रहेको छ । पुरुषका निम्ति नारीहरू मनोरञ्जन एवम् भोगविलासका साधन हुन् भन्ने मान्यताको विद्रोह मसानकी नायिका युवतीले गरेकी छ । रिमालकै यो प्रेम (२०१५) नाटकमा पनि नायिकाहरूले ढोका लगाएर पुरुषको विरोध गरेका छन् । हृदयचन्द्रसिंह प्रधानका स्वास्नीमान्छे (२०११), एक चिहान (२०१७) उपन्यासहरूमा नारीप्रति पुरुषको व्यवहार एवम् दृष्टिकोणलाई सशक्त रूपमा चित्रण गरिएको छ । विजय मल्लको अनुराधा (२०१८) पारिजातको शिरषको फूल (२०२२) उपन्यासमा पनि नारी चाहना र अस्तित्वको चर्चा गरिएको छ । २०२०को दशकदेखि नेपाली साहित्य वाटिकामा नारी स्रष्टाहरूको उदय भएको देखिन्छ । स्व-अस्तित्व रक्षाका निम्ति कलम चलाउने नारीवादी स्रष्टाहरूमा वानिरा गिरि, प्रेमा शाह, माया ठकुरी, पद्मावती सिंह, तोया गुरुङ, उषा शेरचन, सीत पाण्डे आदि रहेका छन् । यसरी नारी हस्ताक्षरको वृद्धिसँगै आ-आफ्ना स्थानबाट सिर्जनामा संलग्न रहँदा उपर्युक्त कतिपय स्रष्टाहरूबाट आफ्नो पहिचान कायम राख्दै साधनालाई निरन्तरता दिने कार्य भइरहेको छ ।

नेपाली समालोचनाका क्षेत्रमा नारीवादी चेतनालाई भित्र्याउने कार्य कृष्ण गौतमद्वारा आधुनिक आलोचना:अनेक रूप अनेक पठन (२०५०) नामक पुस्तकमा भएको छ । त्यसपछि क्रमशः ऋषिराज बराल, नन्दमाया नकर्मी, सुधा त्रिपाठी, रमेश भट्टराई, भिक्टर प्रधान, सरोज पन्त, लक्ष्मण गौतम, कृष्णहरि बराल, नेत्र एटम आदिका समालोचनाहरूमा नारीवादको प्रयोग भएको पाइन्छ ।

## ४. मसान नाटकको अन्तर्वस्तु

प्रस्तुत नाटकको आरम्भ हुनु पूर्व नै कृष्णले प्रेमविवाह गरिसकेको छ । विवाह गरेको केही समयसम्म पनि सन्तान नभएपछि युवतीले सन्तानको चाहान गरेको बुझेर कृष्णले सदाका लागि सन्तान निरोधक औषधी खुवाएको छ । सन्तान जन्मिएपछि यौनसन्तुष्टि थोरै हुन्छ भन्ने उसको धारणा रहेको बुझिन्छ । युवतीलाई अधिक प्रेम गरेको देखाउन हेलेन भनी बोलाउने गर्दछ । विवाह गरेको धेरै समय व्यतीत भइसक्दा पनि सन्तान नभएर चिन्तामा परेकी युवतीमा सन्तान खेलाउने रहर सशक्त बन्दै जान्छ । कृष्णले पत्नीको इच्छा पूर्ति गर्न आफ्नी बहिनीको चार वर्षको छोरो (भोटु) ल्याएर पालेको छ ।

भोटुको उपस्थिति भएपछि आरम्भ भएको नाट्यवस्तु युवतीले आफू र दुलहीप्रति कृष्णबाट भएको अन्याय बुझेर घर त्याग्न लागेसम्म विस्तार भएको छ । भोटुलाई जति माया गर्न खोज्यो त्यति युवतीमा मातृत्वको चाहना प्रबल बन्दै गएकाले आफूबाट नभए पनि पतिको अंशबाट जन्मिएको सन्तान काखमा खेलाएर सन्तुष्टि लिने आशा जागेको देखिन्छ । उसले पतिलाई दोस्रो विवाह गर्न प्रेरणा दिनुका साथै सासूलाई समेत भन्न लगाएकी छ । दोस्रो विवाह गरे पनि पतिले दुलहीलाई बेवास्ता गरेको बुझेपछि युवतीको आग्रहमा सौताबाट पुत्र लाभ हुन्छ । विवाहका समयमा दुलहीले घरमा सबैबाट प्रेम, स्नेह प्राप्त हुने आशा राखे पनि पूर्ण हुन सक्दैन । छोरालाई पनि सौताले खेलाउने गरेकी हुँदा मानसिक रोगद्वारा मृत्यु वरण गर्न पुग्दछे । नोकर्नी वाग्मती पतिले दोस्रो विवाह गरेपछि कृष्णका घरमा नोकर्नी बनेर काम गर्दै आएकी छ । नाटकमा कृष्ण ज्वाईंले बहिनीलाई सौता हालिदिएर प्रताडित तुल्याएको प्रसङ्ग उल्लेख गर्दछ । ऊ युवतिप्रति आफूले गरेको अपराध बोधका कारण सताइएर रहस्योद्घाटन गर्दछ । युवती पतिले आफूप्रति गरेका मायाको कारण अन्यायमा परेकी रहिछु भन्ने बुझेर सदाका लागि घर छाडेर जान लाग्दछे । यहाँ पुरुषहरूबाट नारीप्रति अन्याय, अत्याचार भएको छ । नारीहरू भनेका पुरुषको स्वार्थ पूर्ति गर्ने साधन र भोग्यामात्र हुन् भन्ने प्रवृत्ति पुरुषहरूमा रहेको छ ।

## ५. मसान नाटकको विश्लेषण

प्रस्तुत नाटकको आरम्भ हुँदा युवती सन्तानको अभावमा छटपटाएकी देखिन्छे । उसले भानिज (भोटु)लाई सन्तानका रूपमा पाए पनि मानसिक सन्तुष्टि मिल्दैन । असन्तुष्टिमै रहेका अवस्थामा आफूबाट सन्तान नजन्मिए पनि पतिको अंशबाट जन्मिएका सन्तानलाई काखमा राखेर सन्तुष्टि प्राप्त हुने विचार उसले यसरी व्यक्त गरेकी छ -"त्यो मभित्र मसँगसँगै जन्मियो । पहिले पीपलको गेडा जत्रै सानो हुँदो हो । अहिले झ्याम्म ठूलो रूख नै भैसक्यो ! अचेल त्यसको शीतल छायामा बसेर मलाई गुनिरहन, सपना देखिरहन मात्रै मन लाग्छ" (रिमाल, २०६३, पृ.३) । युवती आफूलाई छोरो चाहिन्छ भनी अधिकार खोज्दछे । पत्नीको कुराबाट चिन्तित कृष्ण भोटुलाई देखाएर अब अर्को छोराको आवश्यकता नरहेको धारणा सुनाउँछ । युवती मातृत्वको चाहना अत्यधिक रहेका कारण भोटुमा पतिको अंश देख्दिन ।

ऊ सन्तानप्रति आफूमा रहेको वात्सल्य भावना खन्याउन आतुर भएकी छ । उसलाई माया-ममताको भण्डार सुकाउने, रित्याउने र आफैलाई सिध्याउने सन्तानको आवश्यकता रहेको छ । सौताबाट जन्मिएको सन्तान आफ्नोजस्तो हुँदैन भनेर कृष्णले सम्झाउँदासमेत युवती बाँझो छातीमा हरियाली भेट्न नसकिने विचार प्रकट गर्दछे । उसलाई जे भए पनि आफ्नो प्रेमी (पति) बाट जन्मिएको सन्तान भएमात्र सन्तुष्टि प्राप्त हुन्छ भन्ने लाग्दछ ।

प्रस्तुत नाटकमा कृष्णले सन्तान भएपछि नारीबाट पूर्ण यौन सन्तुष्टि प्राप्त हुँदैन भनी युवतीलाई सन्तान निरोधक औषधी खुवाएको हुँदा नारीको आमा बन्ने अधिकार हरण गरेको छ । यौनेच्छाका कारण नारीहरूमाथि दमन हुँदै आएको छ । अत्याचार समाप्तिका लागि नारीवादी चिन्तन विकसित भएको हो (गौतम, २०५९, पृ.३४५) । कृष्णले युवतीलाई भोटुबाट आफ्नो सन्तान जतिकै माया प्राप्त हुन्छ भन्दा ऊ यसरी आक्रोश व्यक्त गर्दछे - "तपाईंले मलाई त्यस्तो भन्न सुहायो ? कस्तो पराइ देख्न खोजेको हो मलाई ? तापाईंको छोरो । तपाईंको अंश पाएपछि हेर्नुहोला कसरी मेरो माया त्यस्ता सौतेनी पर्खालसर्खाल नाघेर पारि पुग्दछ (रिमाल, २०६३, पृ.४) । भोटुबाट सन्तानको रहर समाप्त भयोहोला भन्ने कृष्णको कुरा सुनेर अझ सन्तानेच्छा सशक्त भएको कुरा सुनाउँछे । युवती केही समय पूर्वदेखि नै पतिलाई सन्तानका लागि दोस्रो विवाह गर्न आग्रह गर्दा घरमा कसैले पनि स्वीकृति नदिएको बताउँछे । वात्सल्य, ममता केही गरे पनि समाप्त हुँदैन भन्ने धारणा व्यक्त गर्दछे । ऊ आफूभित्र मातृत्वको भण्डार छचल्किएको विचार यसरी व्यक्त गर्दछे - "हो यो दुई चार दिन बडो उकुसमुकुसमा बित्यो, आगो अलिअलि गरेर सल्किँदै आएको त धेरै दिन भयो होला.....भोटु पनि नानिकहाँ गएको दिन पर्‍यो मलाई त उडूँ कि बुडूँ भैगो । मूर्छा परिहालेँ म.....तर आगो दन्किन छाडेन ।" (पृ.६) उसको आमा बन्ने चाहना अधिक रहे पनि पूर्ण हुदैन । आमा हुन नसकेपछि उसले पतिको सन्तानलाई काखमा राखेर मनोकाङ्क्षा पूरा गर्न खोजेको देखिन्छ ।

युवती सन्तान विहीन शरीर भोगका लागिमात्र भएको ठान्दछे । उसका विचारमा जीवन एक दिन नष्ट भएर समाप्त हुन्छ । सन्तानलाई छातीमा राख्दा प्राप्त हुने आनन्द अन्यत्रबाट उपलब्ध हुँदैन । मातृत्व तथा सृजनशीलतामै नारीत्व र जीवनको सार्थकता देख्ने युवती त्यसको अभावमा छटपटाउँछे । मातृत्व र ममताको अतृप्त आकाङ्क्षा, आफ्नो बाँझोपन र खोक्रोपनको पीडाले रन्थिनिएकी युवती सौता हालेर भए पनि पुत्र प्राप्त गर्न चाहन्छे । सन्तान अभावमा कुण्ठित भएका अवस्थामा आफूप्रति अन्याय भएको बुझेर विद्रोही बन्दछे (नकर्मी, २०६३, पृ.५६) । शरीरमा अधिक रक्त प्रवाह भएकाले युवतीलाई सताएको देखिन्छ । ऊ सबै नारीको काख सन्तानलाई पर्खिरहेका हुन्छन् भन्छे । आफू गतिहीन भएको ठानेर घरबाट विदा हुन खोज्दछे । नारीहरू कहिल्यै पनि स्वतन्त्र हुन सक्दैनन् । विवाह भएर पति गृह पुगेपछि अझ बन्धनमा पर्दछन् भन्ने सङ्केत नोकर्नीले गरेकी छ । ऊ भन्छे- "यो स्वास्नी मान्छेको फुटेको कर्म । घरमा माइतीको धाक लाउनुपर्छ माइतीमा घरको" (रिमाल, २०६३, पृ.२१) । आफ्नो व्यक्तिगतभन्दा पनि पारिवारिक वणर्न र समर्थनमा लाग्नुपर्ने बाध्यता रहेको छ । दुलही विवाहपछि घरमा सबैबाट सम्मानित भइएला, पतिको माया प्राप्त होला भन्ने ठाने पनि विपरीत व्यहार भएको बुझेर पीडित बनेकी छ । ऊ माइतबाट लिन आउँदा जाने कि नजाने भन्ने दोधारमा परेको बताउँछे । दुलही पतिबाट कुनै वास्ता नगरिएको हुँदा माइत गएर के भन्ने ? आमा, दाजुले घरको खबर सोद्धा आफूसँग दिने उत्तर नभएकाले चिन्तामा परेकी छ । युवतीका अनुसार पतिद्वारा दुलहीलाई बेवास्ता गरिएको हुँदा उसको अनुहार दुःखित बनेको छ । पतिप्रेमको अभावले नीलो, फुस्रो र सुकेको अवस्थामा पुगेकी देखिन्छे । कृष्णले दुलहीलाई बेवास्ता गरेको देखेर युवती चिन्तित बनेकी छ । ऊ पतिलाई सम्झाउँदै भन्छे- "हन उल्लाई तपाईं फ्याँकि नै राख्ने अठोट गर्नु भो कि कसो ? विचरी कति ननिको मानेर गई ।" (पृ.२५) यहाँ दुलही पतिबाट अपहेलित भएकी देखेर युवती विद्रोह गर्न चाहन्छे । सधैं वास्ता नगर्दा कसैले पनि सहन सक्दैन । युवती कसैलाई पनि सधैं हेय व्यवहार गर्न हुँदैन भन्ने धारणा राख्दछे । मुखले एउटा र व्यवहारले अर्को काम गर्न पाइदैन । सबैको आफ्नो तहअनुसारकै अस्तित्व हुने गर्दछ । युवतीले दुलहीलाई कृष्णको कोठामा पठाउँदासमेत बेवास्ता गरिएको बुझेर आक्रोश व्यक्त गरेकी छ । ऊ पतिसँग भन्छे- "के गर्‍या तपाईंले यो ? यस्तो अन्याय पनि गर्न हुन्छ ? हरे ! के भन्ठानी होली उसले ? .... कसले सहन सक्ने कुरा हो यो ? ....त्यसरी फर्काइदिनु भन्दा त बरु यीँ ठहरै मारिदिनु भएको भए हुन्थ्यो ! तपाईंले मुख देखाउन नसकिने तुल्याइदिनु भो मलाई ।" पृ.२७)

कृष्ण युवती रिसाएको बुझेर ठट्टा गर्न लाग्दछ । ऊ युवतीका अनुसार पापको डर नमान्ने व्यक्ति हो । भुल स्विकारे पनि माफ दिन सकिँदैन । युवती माइत जाने भनी हिँडेजस्तो गरेर पतिलाई एक्लो बनाउन लाग्दछे । ऊ दुलही रुँदै छ भन्ने सुनाएर "मलाई डस्नु कति बेर अब" (पृ.२९) भनी दुःख दिएको ठान्दछे । कृष्ण दुलहीलाई पनि मातृत्वबाट वञ्चित हुने औषधी खुवाउने सङ्केत गर्दछ । युवती कृष्णको कुरा सुनेर चिन्तित बनेकी छ ।

दुलही छोरो जन्मिएपछि पतिबाट मायामता प्राप्त हुने र छोरालाई स्याहार, चाकर गर्ने आशामा रहे पनि पूरा हुन सक्दैन । ऊ पतिको बेवास्ता र युवतीले छोरालाई स्याहार गर्न लागेपछि मानसिक पीडाका कारण आफ्नो शरीरको हेरचाह गर्दिन । उसलाई वाग्मती यसरी सम्झाउँछे -"यो बेलामा विग्रेपछि जिउ फेरि कहिले सप्रन्छ ? हजुर आजकल असाद्धे नीच मार्न लाग्नु भएको छ ।" (पृ.४०) खान, बोल्न छाड्दै गएकी दुलही आफूलाई केही गर्ने मन नभएको बताएर रुग्ण अवस्थामा पुगेकी छ । ऊ सन्तान प्राप्त नारीहरूले छोराछोरीका लागि पनि बाँच्नुपर्ने तर स्तनपानका लागि धाई राखिएपछि आफू अस्तित्वहीन भएको ठान्दछे । उसले सौताका अगाडि पतिलाई आफ्नो बनाउन पनि सकिन र आफ्नो छोरालाई काखमा राखेर निर्धक्क माया गर्न पनि पाइन । यी दुवैमा सौताकै अधिकार रहेपछि मानसिक पीडा उत्पन्न भएको छ । उसको चाहना विपरीत लोग्नेको बेवास्ता र सौताको अधिक माया पाएबाट मनस्तापले सताउँदै गएर सौतालाई आक्रमण गर्दछे (नकर्मी, २०६३, पृ.६२) । दुलहीलाई बाँच्ने मन मरेको छ । उसले पति आफ्ना साथमा होस् भन्ने चाहे पनि अलग भइदिनु र युवतीले छोरालाई साथमा राखेपछि मानसिक जलनमा परेको बताएकी छ । ऊ बोलेर पीडा भुल्न चाहन्छे तर धेरै नबोल्न भनिएबाट पीडित बनेकी छ । लोग्ने र छोरो सौताकै अधीनमा रहेको ठानेर ऊ भन्छे -"खटनको मानु त भैगो जिनतिन घाटिबाट छिर्ला, तर यो खटाई खटाई दिएको माया, यो लोलोपोतो" (रिमाल, २०६३, पृ.४१) । यहाँ दुलही रोएर मानसिक पीडा व्यक्त गर्दछे ।

प्रस्तुत नाटकमा वाग्मती पनि युवती र दुलहीजस्तै पतिद्वारा प्रताडित बनेको प्रसङ्ग उल्लेख गर्दछे । ऊ दुलही रोएको देख्दा जीवनमा आफू पनि धेरै रोएको कुरा सुनाएर मनसिक शान्ति दिने प्रयाश गर्दछे । दुःख पाएर रुनुपरेको बताउने वाग्मती धनी घरकी बुहारी र छोरी हो । सन्तान भएपछि घरमा आफूलाई माया अझ थपिएला भन्ने लागेको थियो । छोरो जन्मिनासाथ पतिले दोस्रो विवाह गरेको कुरा यसरी सुनाउँछे -" छोरो जस्तो पाएपछि थपिएला भनेको त निठुरी पापीले अर्कीलाई पो ल्याएर घरभित्र हुलिदियो । अनि घरमा टिक्नै सकिनँ ।.....बज्यै यो लोग्ने मान्छेको जातलाई मासुको थुप्रो भए पुग्दो रहेछ ।" (पृ.४२) दोस्रो बिहे गरेपछि लोग्नेले बेवास्ता गरेको हुँदा ऊ छोरो लिएर माइत नगई चाकरी गरेर जीवन यापन गर्दै आएकी छ । उसको बाँच्ने आधार बनेर रहेको छोरो पनि मृत्युको सिकार भएपछि आधारहीन बनेको बताउँछे । उसका विचारमा नारीको बाँच्ने आधार नै छोरो हो । आफूले चाहेजस्तो जीवन नभएर भाग्यअनुसार हुने कुराको सङ्केत गर्दछे ।

दुलही रोगी सौता छ भनेर झुक्याएर विवाह गरिएको बताउँछे । ऊ आफू सबैबाट एक्लिएको ठानेर रुँदै मानसिक शान्ति प्राप्त गर्न खोज्दछे । घर र सासू, सौतालाई नराम्रो मानेको बुझेर वाग्मतीले दुलहीलाई सम्झाएकी छ । उसले आफूलाई सन्तान उत्पादनका लागिमात्र विवाह गरिएको हो भन्ने बुझेकी छ । अरूले सम्झाउँदा आफ्नो काम सिद्धिएको हुँदा बाँच्न आवश्यक नभएको बताउँछे । ऊ पतिले औषधी खुवाउन लाग्दा भन्छे- "जानोस्, अब तपाईं किन आएको मकहाँ ? मेरो के काम छ ? जानोस् मलाई तपाईंहरूको दया चाहिन्न ।" (पृ.४८)

आमाले दुलहीको नराम्रो अवस्था भएको कुरा सुनाएर कृष्णलाई राम्रो हेरचाह गर्न भनेकी छ । आमाको कुरा सुनेर कृष्ण आफूलाई सम्झाउनुभन्दा पनि ज्वाईंले आफ्नी बहिनीलाई सौता हालेर विचल्ली बनाएको कुरा सुनाउँछ । ऊ भन्छ- "नानीको आङ्भरी नीलडाम छ रे । कुनचाहिँ रण्डीकहाँ भुलेर चारचार पाँचपाँच दिनसम्म घरबाट बेपत्ता हुन्छ रे ।" (पृ.५०) दुलहीको

अवस्था दिनानुदिन कमजोर बन्दै गएको देखेर युवतीले कृष्णलाई मायाको दृष्टिले हेर्न आग्रह गरेकी छ । कृष्ण घरका अन्य कुरालाई बिर्सिएर छोरो र युवतीका साथमा पहाडको एकान्तमा गएर बस्ने कुरा सुनाउँछ । ऊ घरको समस्याबाट अलग भएर स्वतन्त्र र आनन्दको जीवन व्यतीत गर्ने स्वभावको देखिन्छ । सम्पूर्ण समस्याबाट अलग भएर झन्झटमुक्त बन्न खोज्दछ । युवतीलाई आफूबाट ठुलो अन्याय गरिएको हुँदा सन्तान नभएको वास्तविक रहस्योद्घाटन गर्दछ ।

दुलही अन्तिम अवस्थामा पुगेकी हुँदा पहिलाको अस्वस्थता समाप्त भएर अब स्वास्थ्य लाभ हुन लागेजस्तो देखिन्छ । ऊ कुनै पीडारहित भएर स्वस्थ झैं देखिएको कुरा वाग्मती उल्लेख गर्दछे । दुलही वाग्मतीका कुरा सुनेर मन बहलाउन स्वतन्त्र भएर रमाउने चाहना रहेको बताउँछे । ऊ आफू छोरालाई स्तनपान गराउन र पतिको सान्निध्यताबाट वञ्चित भएको बोध गर्दै खेलेर समय विताउन वाग्मतीलाई ससाना ढुङ्गा ल्याउन लगाउँछे । गट्टा खेलेर मन बहलाउन खोजेको देखिन्छ । युवतीले आफूभन्दा धेरै भाग्यमानी भएको कुरा सुनाउँदा दुलही आक्रोशित हँदै भन्छे- “म भाग्यमानी ? तपाईंसित मेरो यस्तो दुर्गतीमाथि अब दया पनि सिद्धियो हैन ? अब गिज्याउन लाग्नु भो ।” (पृ.५८) खेल्न ल्याइएका ढुङ्गाले युवतीलाई हिर्काउँदै आफूलाई सन्तान उत्पादन गर्ने साधन ठानेकोमा विद्रोह गर्दछे । सरल सीधा देखिने दुलहीभित्र नारीमा विकसित हुन लागेको अधिकार चेतना सक्रिय हुनपुगेको छ । ऊ आमा भएर पनि मातृत्वबाट वञ्चित, अस्तित्वहीन यान्त्रिक जीवनबाट दिक्क मान्दै मानसिक असन्तुलनको अवस्थामा मृत्युवरण गर्दछे (उपाध्याय, २०४०, पृ.८२) । उसले आफ्नो जीवन उजाड बनाएर दुःख दिएको बताउँदै मृत्युलाई अँगालेकी छ ।

युवती आफूले राम्रै काम गरेको ठाने पनि दुलहीले आरोप लगाएपछि पीडा बोध गर्दछ । ऊ आफूले भोगेको अन्याय, अत्याचार सुनाएर दुलहीसँग रुन गएकी देखिन्छे । युवती पतिबाट प्रताडित भएकी हुँदा घर अरूलाई जिम्मा लगाउन चाहन्छे । दुलहीको मृत्यु भइसकेपछि आफू घरबाट बाहिरिने कुरा कृष्णलाई सुनाउँछे । कृष्णले घरको जुठो सिद्धिएपछि घुम्न जाने कुरा सुनाउँदा युवती आक्रोश व्यक्त गर्दछे । उसले प्रायश्चित गर्न बाँकी नरहेको हुँदा अब दुवैको बाटो अलग भएको भनी विरोध गरेकी छ । आ-आफ्नो मार्ग भिन्न हुने कुराले आश्चर्यमा परेको कृष्णसँग स्वास्नीमान्छेहरू पनि एक्लै हिँड्न सक्छन् भन्ने विचार व्यक्त गरेकी छ । पहिलाजस्तो अब नारीलाई कसैको सहारा आवश्यक नरहेको हुँदा स्वतन्त्र हिँडडुल गर्न सक्ने धारणा राखेको देखिन्छ । नाटकमा तत्कालीन अवस्थामा नारीहरू एक्लै हिँड्न हुदैन भन्ने समयमा युवतीले घर छाड्ने साहस गरेको देखिन्छ । कानुन र धर्मको बन्धनमा मात्रै नारीहरू बाँधिएर बस्न सक्दैनन् । कसैले विश्वास घात गरी अस्तित्व समाप्त पारेपछि उनीहरू एक्लै हिँड्न सक्छन् । पुरुषको साथ नभई नारी बाँच्न सक्दैनन् भन्ने कुरा पुरुषहरूको प्रपञ्च मात्र हो (उपाध्याय, २०५५, पृ.१७८) । कृष्णलाई विश्वास गर्दागर्दै युवतीमाथि अन्याय भएको छ । पुरुषलाई सजाय दिने अधिकार नारीमा नभएर पुरुषलाई मात्र रहेको छ । पुरुषलाई सजाय दिनै नसक्ने अवस्थामा नारीहरू रहेका छन् । युवती आफूले सजाय पाएकोमा घरमा क्षणभर पनि नबस्ने विचार व्यक्त गर्दछे- “म यो मसानमा एकछिन पनि टिक्न सक्तिनँ, यो घरमा स्वास्नी मान्छेहरूको जिउँदै दागबत्ती हुँदो रहेछ” (रिमाल, २०६२, पृ.६१) । ऊ कृष्णबाट आपूमाथि अन्याय, अत्याचार भएको बुझेर छटपटाएकी छ । घाउको पीडाबाट छटपटाएको बताउँदै युवती भन्छे- “जो आमाहरूको अस्तित्व गुमेको, बहिनीहरूको बिचल्ली भएको हात बाँधेर टुलुटुलु हेर्न सक्छ त्यस्ता नामर्दको के विश्वास !” (पृ.६२) ऊ कृष्णलाई गाली गर्दै बाटो लागेको बताउँछे । पतिद्वारा गरिएको अन्यायका विरुद्धमा युवतीले विद्रोह स्वरूप गृहत्याग गरेकी छ (उपाध्याय, २०६१, पृ.२३) पुरुषहरूले नारीलाई जति अत्याचार गरे पनि हुने तर नारीले चाहिँ त्रुटि गर्न नहुने मान्यताको विरोध गरेको देखिन्छ । नाटकमा युवतीको व्यवहारबाट अब नारीहरू पनि यसरी अत्याचारका विरुद्धमा बोल्न सक्छन् भन्ने कुराको सङ्केत रहेको पाइन्छ । सधैं अत्याचार सहनुपर्ने बाध्यता न्याय नभएर अन्याय हो । युवती कृष्णले आफ्नो जीवन निरर्थक तुल्याइदिएको हुँदा घरबाट सदाका लागि निस्कन लाग्द छे । नाटकमा पुरुषहरूको भोगवादी प्रवृत्तिका कारण नारीहरू विविध पीडा भोग्न बाध्य छन् । नारीहरूमा पनि अब विद्रोही चेतना विकसित हुँदै गएकाले पीडा भोगेर बस्न सक्दैनन् भन्ने प्रसङ्लाई नाटकमा चित्रण गरिएको छ ।

## ६. निष्कर्ष

यसरी मसान नाटकको नारीवादी सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । यहाँ नारीहरू भोगवासना पूर्ति गर्ने साधनमात्र हुन् भन्ने पुरुषहरूको व्यवहारलाई देखाइएको छ । मानवीय रूपमा भन्दा पनि उपभोग्य वस्तुका रूपमा हेर्ने कार्यबाट उनीहरू अत्याचारको सिकार हुँदैआएका छन् । नरीहरू आफ्नो इच्छानुसार भन्दा पनि पुरुषको चाहना बमोजिम बाचेका छन् ।

प्रस्तुत नाटक उच्च मध्यम वर्गीय परिवारको कथावस्तुमा आधारित छ । कृष्ण नोकरचाकर भएको नोकरीमा जाने, प्रेम विवाह गरेको, अधिक भोगेच्छा भएको पात्र हो । उसले युवतीलाई सन्तान भएपछि यौनसन्तुष्टिमा कमी आउँछ भन्ने विचारले प्रजनन क्षमता नाश गर्ने औषधी खुवाएको छ ।

युवतीभित्र विवाह भएको लामो समयसम्म पनि सन्तान नहुँदा सन्तानेच्छा प्रबल बन्दै जान्छ । भोटुलाई साथमा राखेर सन्तानको रहर पूरा गर्न खोजे पनि आफ्ना कोखबाट जन्मिएजस्तो हुँदैन । आफूबाट नभएपछि पतिबाट जन्मिएको सन्तानबाट मात्र मातृत्व पूर्ति हुने ठानेर दोस्रो विवाह गर्न लागाएको देखिन्छ । विवाह गरे पनि कृष्णले दुलहीलाई वास्ता नगरिदिँदा युवतीमाथि भएको अत्याचारको रहस्य खुल्दै जान्छ । दुलही पतिबाट मायाममता प्राप्त होला भन्ने ठाने पनि पति र छोरो जन्मिएपछि सौताका अधीनमा रहेकाले मानसिक रोगका कारण मृत्युवरण गर्दछे । वाग्मती पतिले घरमा सौता भित्र्याएकै कारण कृष्णका घरमा कामदार भएर बसेको उल्लेख गर्दछे । कृष्ण ज्वाईंले बहिनीलाई सौता ल्याएर शारीरिक, मानसिक यातना दिएको उल्लेख गर्दछ । ऊ आफूबाट युवतीप्रति अन्याय भएको घटना सुनाउँछ । युवती पतिले आफूलाई अन्यायका साथै सौतालाई बेवास्ता गरेको हुँदा मानसिक पीडाबाट प्रताडित भई मृत्युवरण गर्ने अवस्थामा पुर्‍याइएको उल्लेख गर्दछे । यहाँ नारीहरूलाई मानसिक पीडा दिई जिउँदै जल्न बाध्य गराउने घर घर नभएर मसान हो भनी युवतीले कृष्णको घर परित्याग गरेकी छ ।

यसरी प्रस्तुत नाटकमा नारीहरू पुरुषको अत्याचार भोगेर बाँचेका छन् । समाजमा नारीलाई भोगविलासका वस्तुजस्तै ठानिन्छ । नारीप्रति हुने अन्यायविरुद्धको चेतना क्रमशः विकसित हुँदै गएर विद्रोह गर्नलागेको प्रसङ्ग मसान नाटकमा प्रस्तुत भएको पाइन्छ ।

## सन्दर्भ-सूची


अधिकारी, इन्द्रविलास. (२०६१).पश्चिमी साहित्यसिद्धान्त. साझा प्रकाशन।

उपाध्याय, केशवप्रसाद. (२०५५). रिमाल व्यक्ति र कृति. चौथो.सं. साझा प्रकाशन।

........................(२०६१). नेपाली नाटक र नाटककार. साझा प्रकाशन।

उपाध्याय, कँडेल घनश्याम. (२०४०) केही अन्वेषण: केही विश्लेषण. भीमसेन थापा।

उप्रेती, सञ्जीव. (२०६८). सिद्धान्तका कुरा. अक्षरक्रियसन्स।

एटम, नेत्र. (२०६१).समालोचनाको स्वरूप. साझा प्रकाशन।

गौतम, कृष्ण. (२०५९). आधुनिक आलोचनाः अनेक रूप अनेक पठन. साझा प्रकाशन।

पौड्याल, एकणरायण. (२०७०). समालोचनाको स्वरूप र पद्धति. विमर्श नेपाल।

प्रधान, भिक्टर. (२०५२). नारीवादी परिप्रेक्ष्यमा नेपाली कथामा नारीमानसिकता.समकालीन साहित्य. (६/१) पृ.१०७-१२०।

भट्टराई, गोविन्दराज. (२०६१). पश्चिमी बलैँसीका बाछिटा. नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

रिमाल, गोपालप्रसाद. (२०६३). मसान. (पुनर्मु.) साझा प्रकाशन।